रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)
तम्घास, गुल्मी

प.स..०७९/०८०
च.नं. :

लुम्बिनी प्रदेश, नेपाल

मिति : २०७९।१०।२२

**विषय : राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा विद्यार्थीहरुलाई सहभागी गराउने वारे ।**

श्री रेसुङ्गा नगरपालिका भित्रका सवै आधारभूत र माध्यमिक विद्यालयहरु

प्रस्तुत विषयमा, प्रधानाध्यापक वैठक मिति २०७९।१०।१३ को निर्णयानुसार तपशिलको मिति, समय र खेलकुदहरुमा चालु शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरु बीच आ-आफ्नो समुहमा हुने रेसुङ्गा नगरपालिका स्तरीय अन्तर विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरिएकोले उक्त प्रतियोगितामा त्यस विद्यालयवाट माथि उल्लेख भए अनुसारका विद्यार्थीहरुलाई सहभागी गराउनुहुन अनुरोध छ ।

तपशिल :

प्रतियोगिता सञ्चालन हुने मिति : २०७९।११।६, ७ र ८ गते, समय : ६ गते विहान १०:३० वजे देखि र ७ , ८ गते विहान ६:३० वजे देखि, स्थान : पछि तोकिने छ

खेलकुदहरु :

| क.सं. | खेलकुद कियाकलापहरु | सहभागी गराउन सकिने सँख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | |
| १ | भलिबल | ९ | ९ | १८ | |
| २ | कबड्डी | ९ | ९ | १८ | |
| ३ | एथ्लेटिक्स | | | | |
| क | दौड (ट्र्याक) तर्फ | | | | |
| | दौड १०० मिटर | १ | १ | २ | |
| | दौड २०० मिटर | १ | १ | २ | |
| | दौड ४०० मिटर | १ | १ | २ | |
| | दौड ८०० मिटर | १ | १ | २ | |
| | दौड १५०० मिटर | १ | १ | २ | |
| | दौड ३००० मिटर | १ | १ | २ | |
| | रिले४X१०० मि. | ४ | ४ | ८ | |
| | रिले४X४०० मि. | ४ | ४ | ८ | |
| ख | उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ | | | | |

शिक्षा ...
शिक्षकस्तर आठौं तह

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)
तम्घास, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.स..०७९/०८०
च.नं. :

| | | | | | |
|---|---|---|---|---|---|
| | हाईजम्प | १ | १ | २ | |
| | लङ्गजम्प | १ | १ | २ | |
| | त्रिपलजम्प | १ | १ | २ | |
| | सटफुट (छात्र १२ पाउण्ड र छात्रा ८ पाउण्ड) | १ | १ | २ | |
| | ज्याभलिङ थ्रो (छात्र ८०० ग्राम र छात्रा ६०० ग्राम) | १ | १ | २ | |
| ४ | मार्सल आर्ट तर्फ | | | | |
| ख | W.T.F.तेक्वान्दो(छात्र: U'४५ केजी., U'४८ केजी र U'५१ केजी र छात्रा: U'४२ केजी. U'४४ केजी र U'४६ केजी | ३ | ३ | ६ | |
| | कूल जम्मा | ४० | ४० | ८० | |

पुनश्च : सहभागी हुने विद्यालयले खेलकुदको विबरण र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० (चौथो संशोधन २०७९।०३।०५ सहित) को अनुसुची-१मा उल्लेखित फाराम खेलाडी विद्यार्थीबाट भराई निजको फोटामा समेत प्रधानाध्यापकले प्रमाणित गरी अनिवार्य रुपमा सहभागी परिचय पत्र सहितको विद्यालयको लेटरप्याडमा सहभागी विद्यार्थीहरुको नाम, थर, उमेर, कक्षा र रोल्नं सहितको बिबरण नामावली ५ गते दिउसो ३.०० वजे सम्म खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन सचिवालयमा उपलब्ध गराउनुपर्नेछ । खेलकुदमा भाग लिन आउदा अनिबार्यरुपमा एक जना शिक्षकको साथमा विद्यार्थीहरुलाई ल्याउने र सुरक्षित साथ राख्ने साथै अनुशासनका साथमा भाग लिन लगाउने गर्नुपर्नेछ । एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्टमा १/१ समुह मात्र र अन्य प्रत्येक इभेन्ट्समा बढीमा २ खेलाडीहरुलाई सहभागी गराउन सक्नेछ । एथलेटिक्स इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाक इभेन्टमा भाग लिन पाउनेछ । हरेक खेलहरु राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० (चौथो संशोधन २०७९।०३।०५ सहित)मा भएको प्रावधान अनुसार नै सञ्चालन गरिने र खेल सञ्चालनको कममा कुनै विबाद र द्विबिधा उत्पन्न भएमा खेलकुद सञ्चालन समिति वा रेसुङ्गा नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति वाट आवश्यक निर्णय गरेर निरुपण गरिने छ ।

विष्णुप्रसाद ज्ञवाली
शिक्षा अधिकृत
अधिकृतस्तर आठौं तह